# सार्वजनिक निजी साझेदारी अवधारणामा दुग्ध संकलन केन्द्र निर्माण कार्यक्रम

## साझेदारी प्रस्तावको ढाँचा

*(चालू आ.व. २०७७/७८ मा आयोजनाले सार्वजनिक निजी साझेदारी अन्तर्गत स्थानीय सरकारसँगको सहकार्यमा सहकारी संस्थाले सञ्चालन गर्ने गरी दुग्ध संकलन केन्द्र स्थापना गर्ने लक्ष राखेको छ। सो सम्बन्धी विकेन्द्रीकृत आयोजनासँग गरिने सहकार्य प्रस्ताव तयार पार्न सहजीकरण गर्ने उद्देश्यले यो नमूना काल्पनिक प्रस्ताव तयार गरिएको छ। सार्वजनिक निजी साझेदारी अवधारणामा दुग्ध संकलन केन्द्र निमार्ण कार्यक्रममा सहकार्य प्रस्ताव गर्न इच्छुक गाउँपालिका/नगरपालिकाहरुले यसकै आधारमा आ-आफ्नो प्रस्ताव तयार पारी सम्बन्धित विकेन्द्रीकृत आयोजना सहयोग इकाईमा पेश गर्नुपर्ने छ।)*

## भाग-१ : परिचय

**१. प्रस्तावक गाउँ/नगरपालिका** : रुरु गाउँपालिका (उदाहरणका लागि)

**२. ठेगाना :** रुरु गाउँपालिका-१, रिडी बजार, गुल्मी, जिल्ला : गुल्मी, प्रदेश : लुम्बिनी

**३. टेलिफोन नं:**

कार्यालयको वा सम्पर्क नम्वर : ०७१- ............

मोवाइल नम्वर गाउँपालिकाका यस कार्यका लागि सम्पर्क व्यक्तिको : ९८५७०..........

ईमेल : गाउँपालिकाको : rurugpalika9@gmail.com

**४.दुग्ध संकलन केन्द्र सञ्चालन गर्ने सहकारी संस्थाको विवरण :** (गाउँपालिकाले छनोट गरेको सहकारी संस्थाको विवरण)

**४.१ दुग्ध सहकारी संस्थाको नाम:** रेशुङ्गा दुग्ध उत्पादक सहकारी संस्था लिमिटेड

**४.२ स्थापना मिति:** २०७३ साल

**४.३ सदस्य संख्या:** शेयर सदस्य २७५ जना

**४.४ दैनिक संकलन हुने दूध (लिटर) :** ६०० लिटर

**४.५ सहकारीमा दूध बिक्री गर्ने कृषकको संख्या :** २५० जना

**४.६ सहकारीले दूध बिक्री गर्ने संस्था** : *सहकारी संस्थाले दूध बिक्री गरिरहेको निजी वा सरकारी संस्थाको नाम उल्लेख गर्ने* : हाल यस संस्थाले दुग्ध विकास संस्थानको लुम्बिनी दुग्ध वितरण आयोजना, बुटवललाई दूध बिक्री गरिरहेको छ।

**५.संकलन केन्द्र भवन स्थापना गर्ने प्रस्तावित जमिनको क्षेत्रफल :** १.५ रोपनी (गाउँपालिकाले उपलब्ध गराउने)

**६. आवश्यक भौतिक पूर्वाधारहरु (छ वा छैन ?, व्यवस्था हुनसक्ने वा नसक्ने ?)** :

पूर्वाधारहरुको अवस्था निम्न अनुसार रहेकोछ:

SAMPLE

**६.१ पानी :** निजी धारा जडान गरिएको र सो धाराबाट चाहिए जतिको पानी आपूर्ति हुने भएकाले चाहिने पानीको व्यवस्था पर्याप्त रहेको ।

**६.२ विद्युत :** गाउँपालिका तथा सहकारी संस्थाका कार्यालयमा छुट्टाछुट्टै विद्युतका मीटर जडान गरिएका । नियमित विद्युत आपूर्ति हुने र विद्युत आपूर्तिको लागि थ्री-फेज लाईन जडान गरिएको हुंदा दुग्ध प्रशोधनका कार्यहरु (चिस्याउने, प्रशोधन गर्ने आदि) गर्न अप्ठेरो नपर्ने ।

**६.३ बाटोको सुविधा** : गाउँपालिकाको कार्यालय र सहकारी संस्थाको कार्यालय रहेको स्थानसम्म वर्षैभरि गाडी चल्ने पक्की बाटो पुगेको छ । दूध संकलन तथा ढुवानी कार्य वर्षैभरी बिना अवरोध गर्नसकिने अवस्था रहेको छ ।

**७. साझेदारी गर्ने आधार** *(संक्षेपमा व्याख्या गर्नुहोस )* :

- रुरु गाउँपालिकाका थोर्गा, बले टक्सार, भटुका आदि केही वडाहरुमा पशुपालन व्यवसायका लागि उपयुक्त हावापानी छ र दूध उत्पादनको राम्रो सम्भावना छ । यी वडाहरु बजारदेखि नजिक छन र छोटो समयमै आवत जावत गर्न सकिन्छ ।
- रिडी बजार परापूर्व कालदेखिनै यस क्षेत्रका कृषकहरुको लागि दूध तथा दुग्ध पदार्थ बिकी गर्ने मुख्य बजार रहेको छ ।
- यस गाउँपालिकाले ती वडाहरुमा पशुपालन व्यवसायलाई प्रोत्साहन गर्ने नीति तथा कार्यक्रम समेत बनाएको छ ।
- गाउँपालिकाले रेशुङ्गा दुग्ध उत्पादक सहकारी संस्थाको क्षमता विकास गरी गुणस्तरीय दूध संकलन तथा बिकी गर्न सहयोग गरिरहेको छ ।
- दूधबाट प्राप्त हुने आम्दानीलाई देखेर कृषकहरु पशुपालन व्यवसाय तर्फ थप आकर्षित भएकाछन् । अतः दूध संकलनमा क्रमशः वृद्धिहुँदै गईरहेको छ ।
- हाल यस सहकारी संस्थामा दूध संकलन केन्द्र भवनको अभाव रहेको छ ।
- सहकारी संस्थाले व्यवस्थित संकलन केन्द्र निर्माण गर्न जग्गा उपलब्ध गराई सहयोग गरिदिन गाउँपालिकालाई अनुरोध गरेकोमा गाउँपालिकाले दूध संकलन केन्द्र भवन निर्माणका लागि १.५ रोपनी जग्गा उपलब्ध गराउने निर्णय समेत गरिसकेको छ ।
- दूध संकलन केन्द भवनको निर्माण गरी कृषकहरुबाट दैनिक दूध संकलन गर्ने व्यवस्था मिलाउनसकेमा यस गाउँपालिकामा व्यावसायिक पशुपालन प्रबर्द्धनगर्न टेवा पुग्ने छ ।
- आयोजनाको सहयोगमा प्रस्तावित संकलन केन्द्र भवन निर्माण सम्पन्न भएमा गाउँपालिकाले पशुपालन सम्बन्धी प्राविधिक सेवा (कृत्रिम गर्भाधान, पशु आहारा विकास र पशु उपचार सेवा समेत) सोही भवनबाट सञ्चालन गर्ने सोच बनाएको छ । साथै सहकारीलाई दूध संकलन गर्न तथा चिस्याउनका लागि आवश्यक उपकरण समेत उपलब्ध गराउने छ ।
- सार्वजनिक निजी साझेदारी अवधारणामा रेशुङ्गा दुग्ध उत्पादक सहकारी संस्था मार्फत दूध संकलन केन्द्र सञ्चालन गर्नको लागि रुरु गाउँपालिका नेपाल लाईभस्टक सेक्टर इनोभेसन आयोजनासँग साझेदारी गर्न इच्छुक भएकोले यो प्रस्ताव तयार पारी पेस गरिएको छ ।

SAMPLE

# भाग-२ : व्यावसायिक योजना

## १. पृष्ठभूमि

रुरु गाउँपालिकाको रिडी बजार वरपरका वडाहरुमा भौगोलिक वनावट, हावापानी र बजार पहुंचका दृष्टिकोणले पशुपालन व्यवसायको राम्रो सम्भावना रहेको छ । यस क्षेत्रका कृषकहरु आफूले उत्पादन गरेको तरकारी, दूध, दही, घिउ आदि रिडी बजारमा बिक्री गर्दै आइरहेका छन् ।

प्रत्येक कृषकले छुट्टाछुट्टै रुपमा दूध बिक्री गर्दा सबैको त्यतिनै समय खर्च हुने साथै व्यावसायिक रुपमा पशुपालन गर्ने कृषकहरुका लागि बजारको सुविधा सधैं उपलब्ध नहुने अवस्था भएकोले सोबाट मुक्ति पाउनका लागि बिक्रम सम्बत २०७३ सालमा यस क्षेत्रका पशुपालक कृषकहरुले रेशुङ्गा दुग्ध उत्पादक सहकारी संस्था लिमिटेड स्थापना गरी सञ्चालन गरिरहेका छन् ।

यस सहकारी संस्थाले कृषकहरुबाट हाल दैनिक ६०० लिटर दूध संकलन गरी सोमध्य १०० लिटर ताजा दूध स्थानीय बजारमा बिक्री गर्ने गरेको र बांकी ५०० लिटर दूध दुग्ध विकास संस्थानलाई बिक्री गर्ने गर्दै आएको छ । सहकारी संस्थाले दूध संकलन गर्न सुरु गरेपछि कृषकहरुको समय बचत हुनुका साथै दूधको बजार समेत सुनिश्चित भएको छ ।

दूध बिक्री गरेबापत सहकारी संस्थाले महिना महिनामा कृषकहरुलाई दूधको मूल्य भुक्तानी दिने गरेको छ । यसबाट कृषकहरु पशुपालन पेसातर्फ आकर्षित हुँदै आएका छन् । दूध संकलन व्यवसायलाई व्यवस्थितरुपमा सञ्चालन गरी दूध खरिदकर्तालाई बिक्री गर्न रेशुङ्गा दुग्ध उत्पादक सहकारी संस्थालाई एउटा व्यवस्थित संकलन केन्द्र भवनको खांचो रहेको छ ।

## २ उद्देश्य

२.१ आयोजना र गाउँपालिकाबीचको साझेदारीमा व्यवस्थित दूध सङ्कलन केन्द्र भवनको निर्माण पश्चात सहकारीको दूध संकलन क्षमता वृद्धि गरी व्यवस्थित पशुपालन व्यवसाय प्रबर्द्धन गर्ने र रोजगारीका थप अवसरहरु सिर्जना गर्ने ।

२.२ संकलन केन्द्र भवनको एउटा कक्षबाट पशु स्वास्थ्य, पशु प्रजनन, पशु आहारा सम्बन्धी प्राविधिक सेवाहरु तथा अन्य उत्पादन सामग्रीहरु उपलब्ध गराई ग्रामीण दुग्ध उत्पादन व्यवसायलाई टेवा पुर्‍याउने ।

२.३ कृषकहरुबाट साँझ बिहान दुबै समयको दूध संकलन गर्ने, चिसो पार्ने र गुणस्तरीय दूध उचित मूल्यमा बिक्री गरी कृषकहरुलाई लाभान्वित गराउने ।

२.४ गाउँपालिकामा व्यवस्थित रुपमा दूध संकलन केन्द्र सञ्चालन गरी यस क्षेत्रको उत्पादनलाई स्थानीय, प्रादेशिक तथा राष्ट्रिय बजारसँग जोड्ने ।

SAMPLE

## ३. परियोजनाको आवश्यकता

- रुरु गाउँपालिकाका विभिन्न वडाहरुमा व्यावसायिकरुपमा गाई/भैंसी पालनको सुरुवात भैसकेकोछ र दूध उत्पादन क्रमशः वृद्धि हुँदै गैरहेको छ ।
- हाल रिडी बजारमा सञ्चालित रेशुङ्गा दुग्ध उत्पादक सहकारी संस्था लि.ले दैनिक ६०० लिटर दूध संकलन गर्दै आइरहेको छ । क्रमशः बढ्दै गैरहेको दूध संकलनलाई व्यवस्थितरुपमा सञ्चालन गर्न सहकारी संस्थासँग दूध संकलन केन्द्र भवनको अभाव रहेको छ ।
- यस गाउँपालिका अन्तर्गत रेशुङ्गा सहकारी संस्था लि.को भौतिक पूर्वाधार विकास गरी दुग्ध उत्पादन तथा प्रशोधन प्रबर्द्धन गर्नका लागि आयोजना र यस पालिकाबीच सार्वजनिक निजी साझेदारीमा निर्माण गरिने दुग्ध संकलन केन्द्र भवन निर्माण परियोजनाको आवश्यकता महशुश भएको छ ।

## ४ परियोजनाको सम्भाव्यताको विस्तृत विवरण

### ४.१ प्राविधिक पक्ष (*प्रस्तावित पूर्वाधारको अनुमानित लागत समेत*):

दुग्ध उत्पादक सहकारी संस्था सञ्चालन भइरहेको हुदा कृषकहरु दूध उत्पादन तथा सहकारी सञ्चालनका बारेमा जानकार छन ।

### ४.२ पूर्वाधार

दूध संकलन केन्द्र भवन निर्माणका लागि गाउँपालिकाले रेसुङ्गा सहकारी संस्थाले प्रयोग गर्ने गरी १.५ रोपनी जग्गा उपलब्ध गराउने निर्णय गरिसकेको छ । दूध संकलन केन्द्र भवनको निर्माण गरिने स्थानमा र सहकारी संस्थामा पूर्वाधार विकासको अवस्था निम्न अनुसार रहेकोछ-

**पानी** : पानीको धारा जडान गरिएको छ । सो धाराबाट पानीको आपूर्ति भै रहने भएकाले दूध संकलन केन्द्र सञ्चालन गर्नका लागि पर्याप्त पानी उपलब्ध छ ।

**विद्युतः** यस क्षेत्रमा विद्युत आपूर्ति थ्री फेज लाईनबाट गरिएको हुंदा दुग्ध व्यवसायसँग सम्बन्धित सबै कार्यहरु (दूध चिस्याउने, प्रशोधन गर्ने आदि) सञ्चालन गर्न सकिने छ ।

**बाटो**: भवन निर्माणका लागि प्रस्तावित जग्गामा पक्की बाटो जोडिएको छ । दूध ढुवानीका लागि गाडीहरु आवत जावत गर्न वर्षैभरि कुनै कठिनाइ पर्ने छैन ।

**फोहर पानीको व्यवस्थापन :** संकलन केन्द्रबाट निस्किने फोहर पानीलाई प्रशोधन गरी व्यवस्थापन गरिने छ ।

SAMPLE

**४.३ प्रस्तावित संकलन केन्द्र भवनको लागत अनुमान :**

**तालिका १: सकलन केन्द्र भवनको लागत अनुमान**

| क.सं. | विवरण | इकाई | परिमाण | दर | रकम,रु. |
|---|---|---|---|---|---|
| १ | भवनको क्षेत्रफल | वर्ग फिट | ११०० | ३५०० | ३८,५०,००० |
| २ | पानी, बत्तिको व्यवस्था @ भवन निर्माणको ६% | एकमुष्ठ | | | २,३१,००० |
| ३ | वातावरण व्यवस्थापन खर्च @ भवन निर्माणको १% | एकमुष्ठ | | | ४०,८१० |
| ४ | विविध खर्च @ भवन निर्माणको ७ % | | | | २,८८,५२७ |
| ५ | Value Added Tax @13% | | | | ५,७३,३४४ |
| कूल जम्मा, | | रु | | | ४९,८३,६८१ |

दूध संकलन केन्द्र भवनमा दूध बुझ्ने कोठा, दूध परीक्षण गर्ने कोठा (प्रयोगशाला), दूध चिस्याउने कोठा, सहकारीको कार्यालय कोठा, प्राविधिक सेवा सञ्चालन गर्ने कोठा, स्टोर कोठा आदिको व्यवस्था हुनेछ ।

**४.४ आर्थिक पक्ष** (*विस्तृत व्यवसाय विश्लेषण तथा योजना र लगानीका स्रोतहरु समेत खुल्ने गरी* )

**गत आ.व.को सहकारीको आर्थिक कारोवार रकम रु. १,३६,६०,०२४।–**

- कृषकहरुबाट संकलित दूध बिक्रीबाट आम्दानी भएको रकम रु. १,३१,५९,८००।–
- टि.एस्. बापत सहकारी संस्थालाई प्राप्त कमिशन रकम रु.६२,६२४।–
- शेयर सदस्यहरुबाट बचत संकलन रकम रु. ३,३०,०००।– (प्रति सदस्य रु. १०० प्रति महिनाका दरले) ।
- ब्याज आम्दानी रु. ३३,०००।–(शेयर पुंजी रु. २,७५,००० को लगानीबाट @) १२%)
- ब्याज आम्दानी रु. ३९,६०० ।– (अघिल्लो वर्षको बचत रकम रु. ३,३०,००० को लगानीबाट @ १२%)
- सहकारीको अन्य आम्दानी रु. ३५,००० ।–

**गत आ.व.मा भएको कूल खर्च रकम रू. १,३३,०३,८०० ।–**

- कृषकहरुलाई दूधको भुक्तानी रु. १,२९,७९,८००।–
- घर भाडा खर्च रु. १,२०,००० ।–
- बिजुली, पानी, टेलिफोन खर्च रु. २४,०००।–
- कर्मचारीको तलब, भत्तामा खर्च रु. १,८०,०००।–

**गत आ.व.को नाफा रु. ३५६,२२४।–** (सदस्यहरुको बचत रकम रु. ३,३०,०००।–समेत)

**सहकारी संस्थाको सम्पत्ति विवरण :**

- शेयर पुंजी रकम रु. २,७५,०००।–
- मेशिन तथा उपकरणहरुको मूल्य रु.४,७५,५०० ।–
- सदस्यहरुको बचत रकम रु. ३,३०,०००। –

**गत आ.व.को अन्तमा सहकारीको कूल सम्पत्तिको मूल्य रु. १०,८०,५०० । –**

**तालिका २ . सहकारीमा रहेका मेशिन/उपकरणहरुको बजार मूल्य विवरण**

| सि.नं. | विवरण | संख्या | दर | जम्मा, रु. |
|---|---|---|---|---|
| १. | स्टील दराज | १ | १०,०००.०० | १०,०००.०० |
| २. | कुर्सी | ८ | १०००.०० | ८,०००.०० |
| ३. | टेबुल | २ | ५०००.०० | १०,०००.०० |
| ४. | कम्प्यूटर र प्रिन्टर | १ | ५०,०००.०० | ५०,०००.०० |
| ५. | साइकल | ३ | ५०००.०० | १५०००.०० |
| ६. | दूध राख्ने क्यान | १५ | ५५००.०० | ८२,५००.०० |
| ७. | दूध चिसो पार्ने चिलीङ भ्याट ५०० लि.को | १ | ३,००,०००.०० | ३,००,०००.०० |
| जम्मा, रु. | | | | ४,७५,५००.०० |

यस गाउँपालिकाले सहकार्यका लागि छनौट गरेको सहकारी संस्थाको आगामी ५ वर्षको व्यावसायिक योजना निम्न अनुसार रहेको छ ।

**तालिका ३ : रेसुङ्गा दुग्ध उत्पादक सहकारी संस्था लि.को ५ वर्षे व्यवसायिक योजना**

| क.सं. | विवरण | इकाई | वर्ष | | | | | कूल जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | |
| १ | शेयर सदस्य प्रति वर्ष १० प्रतिशत वृद्धि | संख्या | २७५ | ३०० | ३३० | ३६६ | ४०० | ४०० |
| २ | दूध बिकी गर्ने सदस्य कृषकहरु प्रति वर्ष १० प्रतिशत वृद्धि | संख्या | २५० | २७० | २९७ | ३३० | ३६० | ३६० |
| ३ | दैनिक दूध संकलन प्रति वर्ष १० प्रतिशत वृद्धि | लिटर | ६०० | ६७५ | ७४० | ८२५ | ९०० | ९०० |
| ४ | स्थानीय बजारमा ताजा दूध बिकी प्रति वर्ष १० प्रतिशत वृद्धि | लिटर | १०० | १३५ | १५० | १६५ | १८० | १८० |
| **५** | **दूध बिकीबाट आम्दानी** | **रु. हजार** | **१३१५९.८** | **१४८०३.८** | **१६२३०.४** | **१८०९४.७** | **१९७३९.७** | **१९७३९.७** |

SAMPLE

**सहकारी संस्थाको उपरोक्त व्यावसायिक योजना अनुसार ५ वर्षमा शेयर सदस्यहरु ४००, दूध बिक्री गर्ने सदस्यहरु ३६०, दैनिक दूध संकलन ९०० लिटर र वार्षिक दूध बिक्रीबाट आम्दानी रु. १ करोड ९७ लाख पुऱ्याउने योजना रहेकोछ ।**

**४.५ बजारीकरण**

सहकारी संस्थाले शेयर सदस्य कृषकहरुबाट संकलन गरेको दूध १५ देखि २० प्रतिशत स्थानीय बजारमा ताजा दूध नै बिक्री गर्ने र बांकी दूध खरिद कर्तालाई बिक्री गर्ने गरेको छ ।

रेसुङ्गा दुग्ध उत्पादक सहकारी संस्था लिमिटेडले हाल कृषकहरुबाट संकलन गरेको अधिकांश दूध, दुग्ध विकास संस्थानलाई विक्री गर्ने गरेको छ ।

दुग्ध विकास संस्थानले दूधको मूल्य प्रति लिटर गाई र भैसीको दुधको मूल्य Fat र SNF का आधारमा निम्न दरमा भुक्तानी दिने गरेकोछ *(उदाहरणका लागि, चितवन जिल्लामा आधारित)*

तालिका ४ : प्रति लिटर दूधको मूल्य

| दूधको प्रकार | Fat,% | प्रति यूनिट रु. | Fat को मूल्य, रु. | SNF, % | प्रति यूनिट रु. | SNF को मूल्य,रु. | एक लिटर दूधको मूल्य, रु. |
|---|---|---|---|---|---|---|---|
| **भैंसीको** | ६ | ९.९४ | ५९.६४ | ९ | १.२३ | ११.०७ | ७०.७१ |
| **गाईको** | ४ | ६.० | २४.०० | ८ | ३.१९ | २५.५२ | ४९.५२ |

तालिका ५: संस्था मार्फत दूध बिक्रीबाट प्राप्त हुने आम्दानी विवरण

| **क.सं.** | **विवरण** | **इकाई** | **परिमाण** | **प्रति लिटर मूल्य रु.** | **कूलमूल्य, रु** |
|---|---|---|---|---|---|
| **क** | **दुग्ध विकास संस्थान** | | | | |
| १ | दैनिक दुध बिक्री | लिटर | ५०० | ६०.११ | ३०,०५५ |
| २ | मसिक दुध बिक्री | लिटर | १५००० | ६०.११ | ९,०१,६५० |
| ३ | बार्षिक दुध बिक्री | लिटर | १,८०,००० | ६०.११ | १,०८,१९,८०० |
| **ख** | **स्थानीय बजार** | | | | |
| १ | दैनिक दूध बिक्री | लिटर | १०० | ६५.०० | ६५०० |
| **२** | मसिक दूध बिक्री | लिटर | ३००० | ६५.०० | १९५००० |
| **३** | वार्षिक दूध बिक्री | लिटर | ३६००० | ६५.०० | २३४०००० |
| | **कूल आम्दानी (क+ख) रु.** | | | | १,३१,५९,८०० |

SAMPLE

माथिको तालिकामा देखाए अनुसार यस सहकारी संस्थाले दैनिक ६००, मासिक १८,०००, र वार्षिक २,१६,००० लिटर दूध बिकी गरेबापत वार्षिक रु. १,३१,५९,८०० को दूधको कारोवार गर्ने गरेको छ।

यसका अतिरिक्त सहकारी संस्थाले कृषकहरुबाट दैनिक ताजा दूध संकलन गरी एकमुष्ठ रुपमा DDC लाई उपलब्ध गराए वापत DDC ले सहकारी संस्थालाई व्यवस्थापन खर्च वापत प्रति के.जी. कूल ठोस पदार्थ (Total Solid ) को रु २५.७५ का दरले कमिशन दिने गरेको छ।

**तालिका ६ : कूल ठोस पदार्थका आधारमा सहकारी संस्थालाई प्राप्त हुने कमिशनको विवरण**

| विवरण | इकाई | दैनिक | मासिक | वार्षिक | प्रति लिटर सरदर मूल्य, रु. | वार्षिक बिकी मूल्य रु. |
|---|---|---|---|---|---|---|
| दूध बिकीको परिमाण | लिटर | ५०० | १५,००० | १,८०,००० | ६०.११ | १०८१९८०० |
| कूल ठोस पदार्थ (Total Solid) | के.जी. | ७ | २०३ | २४३२ | २५.७५ | ६२,६२४ |

**नोट :** क) सरदरमा १ लिटर दुधमा १३.५ ग्राम कूल ठोस पदार्थ पाईने अनुमान गरिएको छ।

ख) ७४ लिटर दूधबाट १ के.जी. ठोस पदार्थ प्राप्त हुने आधारमा कूल ठोस पदार्थको गणना गरिएको छ।

### ४.६ आर्थिक तथा सामाजिक पक्ष

व्यवस्थित दूध संकलन केन्द्र सञ्चालन भएपछि सहकारी संस्थाले हालको दैनिक दूध संकलन क्षमता ६०० लिटरबाट बढाएर ५ वर्षमा ९०० लिटर पुऱ्याउने र कृषकहरुको वार्षिक आम्दानी हालको रु. १ करोड ३१ लाखबाट बढाएर रु. १ करोड ९७ लाख पुऱ्याउने छ।

दूध उत्पादन गर्ने कृषकहरुको संख्यामा पनि हालको २५० जनाबाट बढाएर ३६० जना पुऱ्याउने योजना रहेकोछ। यसरी प्रस्तावित परियोजनाबाट यस क्षेत्रमा ११० जना थप कृषकहरु रोजगार हुने, १ जना थप कर्मचारी संस्थामा रोजगार हुने र कृषकहरुको आम्दानी बढाउन र शहरको स्रोतलाई ग्रामीण क्षेत्रसम्म पुऱ्याउन टेवा पुग्ने देखिएको छ।

### ४.७ वातावरण व्यवस्थापन

वातावरण प्रदूषण नियन्त्रणका लागि गाउँपालिकाको समन्वयमा सहकारी संस्थाले निम्न अनुसार सामाजिक तथा वातावरणीय मुद्दाहरुको व्यवस्थापन गर्ने प्रतिबद्धता गरेको छ :

#### ४.७.१ सामाजिक तथा वातावरणीय प्रतिबद्धता

नेपाल सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालयद्वारा विश्व बैंकको सहयोगमा सञ्चालित नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजना ( NLSIP) को अनुदान प्राप्त .................. दुग्ध संकलन केन्द्र सञ्चालन गर्दा हाम्रो संस्थाले देहाय बमोजिमका सामाजिक तथा वातावरणीय व्यवस्थापन पालना गर्ने तथा गराउने प्रतिबद्धता जाहेर गर्दछौं।

SAMPLE

१ दुग्ध प्रशोधन तथा सरसरफाई आदिका लागि चाहिने उपभोग योग्य पानीको परिमाण पहिले नै लेखाजोखा गरेर आवश्यक पानीको पर्याप्तता सुनिश्चित गरिने छ ।

२ दुग्ध उत्पादन, संकलन, प्रशोधन, भण्डारणसँग सम्बन्धित संरचनाहरु निर्माण गर्दा, निर्माण सामग्रीहरु जुटाउँदा, सामान भण्डारण गर्दा, अनावश्यक सामग्रीहरु हटाउदा वातावरणमा नकारात्मक असर नपर्ने किसिमले गरिने छ ।

३ दुग्धजन्य पदार्थको भण्डारणका लागि विद्युतको नियमित र भरपर्दो आपूर्तिको व्यवस्था गरिने छ ।

४ दुध र दुग्धजन्य उत्पादनको संकलन/प्रशोधन पश्चात् उपकरण तथा अन्य भाँडाहरु सफा गर्दा निस्कने फोहर पानी पानीका अन्य स्रोतमा सिधै फ्याँक्ने वा खुला वातावरणमा विषर्जन गरिने छैन । उत्पन्न फोहरपानी संकलन गरी शुद्धीकरण पश्चात् मात्र विसर्जन गरिनेछ ।

५ दुग्धजन्य उत्पादनहरुमा आम उपभोगका लागि सुरक्षित पदार्थहरु मात्र सम्मिश्रण गराइनेछ ।

६ झिंगाबाट फैलिने रोगहरुबाट संक्रमित हुने खतरा कम गराउन दुग्धजन्य उत्पादनहरुलाई सुरक्षित तवरले छोपेर राख्ने प्रबन्ध मिलाइने छ । दुग्ध उत्पादन, भण्डारण तथा प्रशोधन स्थल वरपरको वातावरण र भाँडाकुँडाहरु सफा, स्वच्छ राखिने छ । दूध संकलन तथा बिक्री केन्द्रको नियमित सरसफाई र मर्मत गरिने छ र सकभर सुख्खा राखिने छ ।

७ दुग्धजन्य पदार्थ संक्रमित हुनसक्ने खतरा नियन्त्रण गर्न दुग्धजन्य पदार्थको संकलन/भण्डारण र प्रशोधनसँग सम्बन्धित मापदण्डहरु (तापक्रम, समय निर्धारण आदि) को पूरा पालना गरिनेछ । दुग्धजन्य पदार्थको सञ्चालन, प्याकेजिङ्ग, भण्डारण तथा ढुवानी गर्दा उत्पादित बस्तुको स्वच्छता कायम गर्न आवश्यक सावधानीका उपायहरु अपनाइने छ । दुग्धजन्य पदार्थको उत्पादन, भण्डारण, ढुवानीका क्रममा विभिन्न सामान, उपकरण, मेशिनरीको सञ्चालन, उपयोग गर्दा सूक्ष्म जीवाणु संक्रमणको जोखिम नहुने कुरामा सावधानी अपनाइने छ ।

८ कार्यस्थलमा सम्भाव्य दुर्घटना र स्वास्थ्य खतराहरुबाट कामदारलाई जोगाउन आवश्यक सुरक्षाका उपायहरु जस्तैः पर्याप्त मात्रामा प्रकाश, सुरक्षित तरिकाले विद्युतीय तारहरु जडान गर्ने व्यवस्था गरिनेछ । कार्यस्थलमा कामदारहरुलाई धुँवा र घर भित्रका बाफ मिश्रित वायु प्रदूषण (indoor air pollution ) को प्रभावबाट जोगाउन राम्रोसँग वायु सञ्चार (ventilation) हुने व्यवस्था गरिने छ । प्राथमिक उपचार सामग्री कार्यस्थलमा सुरक्षित स्थानमा राखिने छ । संरचना निर्माण तथा दुग्ध प्रशोधनसँग सम्बन्धित कामदार र कृषकलाई उनीहरुको कामको प्रकृति अनुसार आवश्यक सुरक्षात्मक साधनहरु उपलब्ध गराइनेछ । कामदारलाई प्राथमिक स्वास्थ्योपचारका सामग्रीहरु, शुद्ध पिउने पानी, शौचालय, सरसफाई, दुर्घटना बीमाको व्यवस्था मिलाइनेछ ।

९ दुग्ध उत्पादनका लागि पशु पाल्ने स्थानको छनौट, डिजाइन, निर्माण, मर्मत संभार गर्दा संभव भएसम्म वातावरणीय सरसफाईका तरिकाहरु अपनाउन सकिने प्रकारले गरिने छ । यसको अलावा पशुहरु स्वस्थ राख्न, गोठ सफा राख्न, दूध दुहदा तथा भण्डारण र ढुवानीका गर्दा दूधको स्वच्छता कायम राख्न पशुपालनका उपयुक्त तरिका, औषधी प्रयोग (आधिकारिक व्यक्ति वा निकायको सिफारिसमा उपयुक्त उदेश्यका लागि उपयुक्त विधि र मात्रामा मात्र प्रयोग गर्ने) र दाना (हानिकारक रासायनिक विषादी नमिसिएको, सूक्ष्म जीवाणु संक्रमित नभएको) प्रयोग आदि बारेमा पशुपालक किसानहरुलाई उपयुक्त तालिम तथा अभिमुखीकरण प्रदान गरिने छ ।

१० दुग्ध संकलन र बिक्री तथा प्रशोधनसँग सम्बन्धित कामदार, कर्मचारीहरुलाई वातावरणीय सरसफाई र स्वच्छ उत्पादन सम्बन्धी उपयुक्त तालिमको व्यवस्था गरिनेछ । दूध तथा दुग्धजन्य पदार्थको अपेक्षित प्रयोगलाई सुरक्षित र उपयुक्त बनाई राख्न पूरै खाद्य शृंखलाभरि स्वच्छ अभ्यासहरु (Good Hygienic Practices) अपनाईने छ ।

११ खेर गएका वा उपयोग, उपभोगमा ल्याउन उपयुक्त नठहरिएका दुग्धजन्य पदार्थहरुलाई वातावरणमा नकारात्मक प्रभाव नगर्ने गरी व्यवस्थापन गरिने छ । दुग्ध प्रशोधन वा भण्डारणका क्रममा निस्कने जैविक फोहर मैलाहरुलाई

SAMPLE

संम्भव भएसम्म खाल्डो खनेर वा थुपारेर (pit or piling) कम्पोष्ट मल बनाइनेछ। कम्पोष्ट मल बनाउदा पानीका स्रोतहरु प्रदूषित नहुने कुरालाई ध्यान दिइनेछ। नकुहिने फोहर मैलालाई सम्बन्धित गाउँपालिका/नगर पालिकासँग समन्वय गरी व्यवस्थापन गरिने छ।

१२ ढुवानीका लागि प्रयोग हुने साधनहरुबाट हुनसक्ने वायु प्रदूषण न्युनीकरण गर्न नेपाल सरकारको सवारी मापदण्ड भित्र पर्ने सवारी साधन प्रयोग गरिने छ र सवारी साधनको नियमित मर्मत सम्भारमा ध्यान दिइनेछ।

१३ स्थानीयलाई रोजगारीमा प्राथमिकता दिइनेछ । उप-आयोजनाबाट प्रत्यक्ष वा अप्रत्यक्ष किसिमबाट दलित, जनजाति, महिला, सीमान्तकृत, विपन्न वर्ग समेत लाभान्वित हुनसक्ने कुरालाई विशेष ध्यान दिइनेछ।

१४ उप-आयोजनाका कामहरुमा वालश्रम प्रयोग गरिने छैन ।

१५ सुरक्षा/सावधानीका साइनवोर्डहरु/जानकारीहरु उपयुक्त ठाँउहरुमा राखिनेछ।

संस्थाका अध्यक्षको नाम

हस्ताक्षर :

मिति :

SAMPLE

## ५. परियोजनाको कार्ययोजना

यस गाउँपालिका र नेपाल लाईभस्टक सेक्टर इनोभेसन आयोजनाबीच सम्झौता गरी गाउँपालिकाको समन्वयमा रेसुङ्गा दुग्ध उत्पादक सहकारी संस्था लि.मार्फत सञ्चालन गरिने दूध संकलन केन्द्र परियोजनाको कार्य योजना निम्न अनुसार रहेकोछ ।

| क.सं. | विवरण | जिम्मेवारी | कार्यान्वयन गरिने समय तालिका (महिना) | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ |
| १ | साझेदार दुग्ध उत्पादक सहकारी संस्थाको छनौट | गाउँपालिका | | | | | | | | | | | | |
| २ | संकलन केन्द्र भवन निर्माणका लागि १.५ रोपनी जग्गा प्रदान | गाउँपालिका | | | | | | | | | | | | |
| ३ | साझेदार सहकारीको व्यावसायिक योजना र उत्पादनमूलक गठबन्धनमा आधारित बजारीकरण योजना माग गरी स्वीकृत गर्ने । | गाउँपालिका | | | | | | | | | | | | |
| ४ | सहकारीको क्षमता वृद्धिका कार्यक्रमको निर्णय गर्ने | गाउँपालिका | | | | | | | | | | | | |
| ५ | परियोजनाको प्रस्ताव तयार गरी आयोजनामा पेस गर्ने । | गाउँपालिका र दुग्ध उत्पादक सहकारी संस्था | | | | | | | | | | | | |
| ६ | परियोजनाको स्वीकृतिपछि सम्झौता गर्ने | गाउँपालिका र आयोजना | | | | | | | | | | | | |
| ७ | निर्धारित मापदण्ड अनुसार संकलन केन्द्र भवनको निर्माण गर्ने | आयोजना | | | | | | | | | | | | |
| ८ | निर्माण सम्पन्न भएपछि उपकरणहरु जडान गर्ने । | सहकारी संस्था र गाउँपालिका | | | | | | | | | | | | |
| ९ | दूध संकलन कार्य नयाँ भवनबाट सुरु गर्ने । | सहकारी संस्था र गाउँपालिका | | | | | | | | | | | | |

SAMPLE

## ६. परियोजना सञ्चालन कार्यनीति

- साझेदार रुरु गाउँपालिकाले यो कार्यक्रम रेसुङ्गा दुग्ध उत्पादक सहकारी संस्था मार्फत सञ्चालन गर्नेछ ।
- संकलन केन्द्र स्थापना गर्न प्रस्तावित स्थानमा सडक, पानी तथा बिजुलीको थ्रीफेज विद्युत लाइनको निरन्तर व्यवस्था मिलाउन गाउँपालिकाले सहयोग गर्नेछ ।
- गाउँपालिकाले दूध संकलन केन्द्र भवन निर्माण गर्ने जमिनको अतिरिक्त दूध संकलन, भण्डारण, प्रशोधन र बजारीकरणमा समेत प्राविधिक, आर्थिक र बस्तुगत सहयोग गर्नेछ ।

- गाउँपालिकाले प्रस्तावित दूध संकलन केन्द्रबाट पशु स्वास्थ्य, पशु प्रजनन लगायतका सेवा प्रवाह गर्ने र आवश्यक अन्य सुविधा, उपकरण तथा जनशक्ति आफ्नो तर्फबाट उपलब्ध गराउनेछ ।
- विकेन्द्रीकृत सहयोग इकाईले स्वीकृत बजेटको सीमा भित्र रही गाउँपालिकाले उपलब्ध गराएको स्थानमा पशु सेवा विभागबाट तोकिएको मापदण्ड बमोजिमको दुग्ध संकलन केन्द्र भवन निमार्ण गर्ने र सम्झौता अनुसारका डेरी उपकरणहरु खरिद गरी भवन तथा उपकरणहरु साझेदार गाउँपालिकालाई हस्तान्तरण गर्नेछ ।
- साझेदारसँगको सहकार्यमा पशु प्रजनन केन्द्र स्थापना गराउन प्राविधिक तथा अन्य आवश्यक सहयोग गरिने छ ।
- सहकारीले आयोजना र गाउँपालिकाको सहयोगमा सहकारीमा आबद्ध सदस्यहरुको लागि दूध उत्पादन वृद्धि गर्ने र पशु विकासका अन्य कार्यक्रमहरु सञ्चालन गर्नेछ ।

SAMPLE